बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८१ ज्येष्ठ ६ गतेका दिन बेसीशहर नगर पालिका नगरकार्यपालिकाका नगरप्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ३७ (सैंतीसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| | | | |
|---|---|---|---|
| नगर प्रमुख | | | श्री गुमानसिंह अर्याल |
| उप-प्रमुख | | | श्री पदमा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य | वडा नं. | १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| " | " | २ | श्री मदन बहादुर राना |
| " | " | ३ | श्री चित्र बहादुर दनाई |
| " | " | ४ | श्री गम बहादुर गुरुङ |
| " | " | ५ | श्री इन्द्र बहादुर गुरुङ |
| " | " | ६ | श्री प्रकाश थापा |
| " | " | ७ | श्री ऋषिराम बस्नेत |
| " | " | ८ | श्री पवित्रा थापा राना |
| " | " | ९ | श्री खुसिजंग गुरुङ |
| " | " | १० | श्री गंगा बहादुर थापा |
| " | " | ११ | श्री शिव प्रसाद जोशी |
| " | " | | श्री हिरालाल विश्वकर्मा |
| " | " | | श्री श्रीनाथ दुलाल |
| " | " | | श्री कल्पना थापा बोहरा |
| " | " | | श्री विमला न्यौपाने अधिकारी |
| " | " | | श्री सुकमाया गुरुङ |
| " | " | | श्री सुकमाया घर्ती |
| " | " | | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारीको उपस्थिति

शाखा प्रमुख- प्रशासन/योजना श्री शम्भु प्रसाद घिमिरे
" " - सामाजिक वि.शा. श्री मेघेन्द्र पोखरेल

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

## नगर कार्यपालिकाको मिति २०८१/०२/०६ गतेको बैठकका प्रस्तावहरु

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।

२. आगामी आ.व. २०८१/८२को बजेट सीमा र मार्गदर्शन सम्बन्धमा ।

- आन्तरिक आय अनुमान सम्बन्धमा ।
- कुल आय अनुमान सम्बन्धमा ।
- वडागत बजेट सीमा सम्बन्धमा ।
- क्षेत्रगत बजेट सीमा सम्बन्धमा ।
- योजना छनौट र प्राथमिकताका आधारहरु सम्बन्धमा ।

३. बस्ती र वडास्तरीय योजना छनौट सम्बन्धी भेला/बैठकको सम्बन्धमा ।

४. योजना संशोधन/ब्रेकडाउन सम्बन्धमा । (वडा नं ३,९,२,१,४ र ७ )

५. विविध

- अस्थायी क्रसर स्थापना र सञ्चालन सम्बन्धमा ।
- रकम फिर्ता सम्बन्धमा ।
- बालमैत्री वडा अनुगमन सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८१/०१/२८ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : आन्तरिक आय अनुमान सम्बन्धमा ।**

राजश्व परामर्श समितिको मिति २०८१/०२/०२ गतेको बैठक र मिति २०८१/०२/०४ गतेको श्रोत अनुमान समितिको बैठकको निर्णय समेतका आधारमा यस बेसीशहर नगरपालिकाको आगामी आ.व.२०८१/८२ को आन्तरिक आय देहाय वमोजिम अनुमान गर्ने निर्णय गरियो ।

देहायः

| क्र.सं. | विवरण | आ.ब. २०८०।८१ को अनुमान रु. | २०८१बैशाख मसान्तसम्म संकलित राजश्व | आ.ब. २०८१।८२ को अनुमान रु. |
|---|---|---|---|---|
| १ | सम्पत्ति कर | ३६००००० | २३१४६०५ | ३५००००० |
| २ | भुमि तथा मालपोत कर | ३५००००० | २८२४१३७ | ३५००००० |

गुम्रान सिंह अर्याल

नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/०६ गतेको बैठक

| क्र.सं. | विवरण | आ.ब. २०८०।८१ को अनुमान रु. | २०८१बैशाख मसान्तसम्म संकलित राजश्व | आ.ब. २०८१।८२ को अनुमान रु. |
|---|---|---|---|---|
| ३ | घर बहाल कर | ६०००००० | ४७८२०८३ | ८०००००० |
| ४ | बहाल बिरौटी कर | ५०००० | १५००० | ५०००० |
| ५ | सवारी साधन कर (साना सवारी) | १७५००० | १७९५१० | २००००० |
| ६ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर (जडीबुटी कर सहित) | ३५०००० | २७४८२० | ३५०००० |
| ७ | अन्य कर | ५००००० | २५५२४५ | ३००००० |
| ८ | सरकारी सम्पत्तीको बहाल र बिक्रीबाट प्राप्त आय | ७००००० | ११४३३१५ | १२००००० |
| ९ | न्यायिक दस्तुर | ११००० | ४००० | ५००० |
| १० | अन्य प्रशासनिक सेवा शुल्क | २०००००० | १११०८१८ | १५००००० |
| ११ | पार्किङ शुल्क | १५०००० | २२५८६१ | ३००००० |
| १२ | नक्सापास दस्तुर | २०००००० | १५०९९३६ | २५००००० |
| १३ | सिफारिस दस्तुर | ३७००००० | २७२५७३६ | ३५००००० |
| १४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ४२४९५० | ५००००० |
| १५ | नाता प्रमाणित दस्तुर | ५०००० | ३६११६० | ४००००० |
| १६ | अन्य दस्तुर | ५००००० | ६७७९८१ | ८००००० |
| १७ | व्यवसाय कर | ३०००००० | २१०२४०० | ३०००००० |
| १८ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५५०००० | २३४७०० | ३००००० |
| १९ | प्रदुषण नियन्त्रण कर | ० | १५८००० | २५०००० |
| २० | अन्य राजश्व | ० | ८५०० | ५०००० |
| २१ | बेरुजु | ० | ६०७५१ | ० |
| | आन्तरिक आय | **२७३३६०००** | **२१३९३५०८** | **३०२०५०००** |
| २२ | विज्ञापन कर | ३००००० | ३०७००० | ३५०००० |
| २३ | मनोरञ्जन कर | ० | २०००० | ५०००० |
| २४ | प्राकृतिक श्रोत उपयोग कर (ढुंगा, गिटी, वालुवा) बाँडफाड | २०००००० | ३९८३३१७ | २०००००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/०६ गतेको बैठक

| क्र.सं. | विवरण | आ.ब. २०८०।८१ को अनुमान रु. | २०८१बैशाख मसान्तसम्म संकलित राजश्व | आ.ब. २०८१।८२ को अनुमान रु. |
|---|---|---|---|---|
| २५ | घरजग्गा रजिश्ट्रेशन दस्तुर (स्थानीय) | १५०००००० | ३१२९८५१ | १५०००००० |
| | स्थानीय राजश्व जम्मा | ३५३००००० | ७४४०१६८ | ३५४००००० |
| | कुल आन्तरिक आय | ६२६३६००० | २८८३३६७६ | ६५६०५००० |
| | प्रदेश बाँडफाँट | १२१८०००० | ० | ८१६०००० |
| | खुद आन्तरिक आय | ५०४५६००० | २८८३३६७६ | ५७४४५००० |

निर्णय नं ३ : कुल आय अनुमान सम्बन्धमा ।

यस बेसीशहर नगरपालिकाको आ.व.२०८१/८२ को लागि देहाय वमोजिम आय अनुमान प्रक्षेपण गर्ने निर्णय गरियो ।

| सि.नं | बजेटको श्रोतगत शीर्षक | कुल आय अनुमान (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आय | ५७४४५ |
| १।१ | आन्तरिक श्रोततर्फको आय | ३०२०५ |
| १।२ | स्थानीय राजश्व | २७२४० |
| १।३ | चालु आ.व.बाट जिम्मेवारी सर्ने | ० |
| २ | समानीकरण अनुदान/संघीय सरकार | १३०६०० |
| ३ | राजश्व बाँडफाँड/संघीय सरकार | ११६१०० |
| ४ | मु.अ.कर र अन्तशुल्क | १०५२१०.३२६ |
| ४।१ | विद्युत रोयल्टी | १०८३१.११८ |
| ४।२ | राष्ट्रिय वन | ५८.५५६ |
| ५ | समानीकरण अनुदान/प्रदेश सरकार | १६२५४ |
| ६ | राजश्व बाँडफाँड/प्रदेश सरकार | १६००३ |
| | (क) १ देखि ६ सम्म जम्मा | ३३६४०२ |
| ७ | संघीय सशर्त अनुदान | ३०८७०० |
| ८ | संघीय विशेष अनुदान | ६००० |
| ९ | संघीय समपुरक अनुदान | २४००० |
| १० | प्रदेश सशर्त अनुदान | ९००० |
| ११ | प्रदेश विशेष अनुदान | ५००० |
| १२ | प्रदेश समपुरक अनुदान | ५००० |
| १३ | अन्य विविध (सडक बोर्ड) | १०००० |
| | (ख) ७ देखि १३ सम्म जम्मा | ३६७७०० |
| | कुल जम्मा क + ख | ७०४१०२ |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/०६ गतेको बैठक

**निर्णय नं ४ : राजश्व वडागत बजेट सीमा सम्बन्धमा ।**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकको निर्णय समेतका आधारमा यस बेसीशहर नगरपालिकाका स्थित वडाहरुको आगामी आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रमको वडागत सीमा देहाय अनुसार कायम गर्ने निर्णय गरियो ।

देहाय:

| वडा नं | सूचक र भार | | | | | समानीकरण बजेट | सूत्रमा आधारित बजेट | कुल बजेट सीमा रु. |
|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या भार (४०%) | क्षेत्रफल भार (३०%) | विकास को अवस्था भार (२०%) | आन्तरिक आय भार (१०%) | कुल भार | | | |
| १ | ०.०२४९१ | ०.०२६६५९ | ०.०१६ | ०.००५५७४ | ०.०७३१४ | ५०००००० | १२७९९५५ | ६२७९९५५ |
| २ | ०.०३७८६ | ०.०२७१५३ | ०.०१६ | ०.०१३३२६६ | ०.०९४३४ | ५०००००० | १६५०९१२ | ६६५०९१२ |
| ३ | ०.०३०५९ | ०.०२३७४४ | ०.०१६ | ०.००९६०७२ | ०.०७९९४ | ५०००००० | १३९९०३३ | ६३९९०३३ |
| ४ | ०.०१२३३ | ०.०२५९०७ | ०.०२४ | ०.००३८४७६ | ०.०६६०९ | ५०००००० | ११५६५२४ | ६१५६५२४ |
| ५ | ०.०१६४१ | ०.०३७०७४ | ०.०२४ | ०.००४६३८१ | ०.०८२१३ | ५०००००० | १४३७१९३ | ६४३७१९३ |
| ६ | ०.०२४६९ | ०.०२२२४ | ०.०२४ | ०.००६८४५५ | ०.०७७७८ | ५०००००० | १३६१०९४ | ६३६१०९४ |
| ७ | ०.०७८०६ | ०.००६६५३ | ०.००८ | ०.०१३९५१ | ०.१०६६६ | ५०००००० | १८६६५७५ | ६८६६५७५ |
| ८ | ०.०७०६ | ०.००३६२ | ०.००८ | ०.०१७०४७२ | ०.०९९२७ | ५०००००० | १७३७२५४ | ६७३७२५४ |
| ९ | ०.०२०८६ | ०.०१५२३४ | ०.०१६ | ०.००६०७१७ | ०.०५८१७ | ५०००००० | १०१७९३२ | ६०१७९३२ |
| १० | ०.०३००२ | ०.०७०२९२ | ०.०२४ | ०.००८४३२८ | ०.१३२७४ | ५०००००० | २३२३०२७ | ७३२३०२७ |
| ११ | ०.०५३६६ | ०.०४१४२३ | ०.०२४ | ०.०१०६५८२ | ०.१२९७४ | ५०००००० | २२७०५०१ | ७२७०५०१ |
| | ०.४ | ०.३ | ०.२ | ०.१ | १ | ५५०००००० | १७५००००० | ७२५००००० |

**निर्णय नं ५ : क्षेत्रगत बजेट सीमा सम्बन्धमा ।**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकको निर्णय समेतका आधारमा आ.व. २०८१/०८२ को लागि बेसीशहर नगरपालिकाको नगरपालिकास्तरीय (वडाको बाहेक) क्षेत्रगत बजेट सीमा (निशर्त तर्फको) देहाय वमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

देहाय:

| क्र.सं | शीर्षक | नगरस्तरीय योजना तथा कार्यक्रमको लागि बजेट रु हजारमा |
|---|---|---|
| १ | आर्थिक विकास | |
| १.१ | कृषि | ४४०० |
| १.२ | पशुपंक्षी | ४४०० |
| १.३ | सिंचाई | १८८६ |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/०६ गतेको बैठक

| क्र.सं | शीर्षक | नगरस्तरीय योजना तथा कार्यक्रमको लागि बजेट रु हजारमा |
|---|---|---|
| १.४ | पर्यटन तथा संस्कृति | ३७७१ |
| १.५ | उद्योग,व्यापार तथा व्यवसाय | १२५७ |
| १.६ | श्रम,रोजगारी तथा गरिबी निवारण | ३७७१ |
| १.७ | भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवा | ६२९ |
| | **आर्थिक विकास जम्मा** | **२०११२** |
| **२** | **सामाजिक विकास** | ० |
| २.१ | स्वास्थ्य तथा पोषण | ५६५७ |
| २.२ | शिक्षा, भाषा, कला तथा साहित्य | १०३७० |
| २.३ | युवा, खेलकुँद तथा नवप्रवर्तन | २५१४ |
| २.४ | खानेपानी तथा सरसफाई | १८८६ |
| २.५ | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | ४४०० |
| २.६ | सामाजिक सुरक्षा तथा पञ्जीकरण | ३१४ |
| | **सामाजिक विकास जम्मा** | **२५१४०** |
| **३** | **भौतिक पूर्वाधार** | ० |
| ३.१ | सडक,पूल तथा यातायात | ६५३६५ |
| ३.२ | भवन,आवास तथा बस्ती विकास | ५०२८ |
| ३.३ | जलश्रोत,विद्युत तथा स्वच्छ ऊर्जा | १२५७ |
| ३.४ | सूचना तथा सञ्चार प्रविधि | ६२९ |
| | **भौतिक पूर्वाधार जम्मा** | **७२२७९** |
| **४** | **वन,वातावरण तथा विपद् व्यवस्थापन** | ० |
| ४.१ | वन,भूसंरक्षण तथा जैविक विविधता | १८८६ |
| ४.२ | वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन | ६२९ |
| ४.३ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | २५१४ |
| | **वन,वातावरण तथा विपद् व्यवस्थापन जम्मा** | **५०२८** |
| **५** | **सुशासन तथा संस्थागत विकास** | ० |
| ५.१ | नीति, कानून, न्याय तथा सुशासन | १२५७ |
| ५.२ | संगठन तथा क्षमता विकास,जनशक्ति व्यवस्थान र सेवा प्रवाह | १३८२०० |
| ५.३ | राजश्व तथा श्रोत परिचालन | १२५७ |
| ५.४ | तथ्याङ्क प्रणाली,योजना र विकास व्यवस्थापन | ६२९ |
| | **सुशासन तथा संस्थागत विकास जम्मा** | **१४१३४३** |
| | **कुल जम्मा** | **२६३९०२** |

गुमान सिंह अर्याल
**नगर प्रमुख**

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/०६ गतेको बैठक

| क.सं | शीर्षक | नगरस्तरीय योजना तथा कार्यक्रमको लागि बजेट रु हजारमा |
|---|---|---|
| | वडास्तरीय योजना तथा कार्यक्रम जम्मा | ७२५०० |
| | नगरपालिकातर्फको निशर्त तर्फको कुल बजेट | ३३६४०२ |
| | सशर्त समपुरक विशेष र अन्यतर्फको कुल बजेट | ३६७७०० |
| | कुल बजेट | ७०४१०२ |

**निर्णय नं ६ : योजना छनौट र प्राथमिकताका आधारहरु सम्बन्धमा ।**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकको निर्णय समेतका आधारमा आगामी आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रमको योजना तथा कार्यक्रम छनौटको मापदण्ड, प्राथमिकीकरणका आधारहरु र मार्गदर्शन देहाय वमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

देहायः

**१. बजेट तथा कार्यक्रम तर्जुमाका आधारहरू**

मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधारका रुपमा लिइनेछः

१ नेपालको संविधान
२ नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली
३ स्थानीय सरकार संचालन ऐन, २०७४
४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सोसम्बन्धी नियमावली, २०७७
६ सावर्जनिक खरिद ऐन, २०६३ र सोसम्बन्धी नियमावली
७ समपुरक अनुदानसम्बन्धी कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७७
८ दिगो विकास लक्ष्य
९ सोह्रौं योजनाको अवधारणापत्र (सोह्रौं योजना २०८१/८२-२०८५/८६)
१० गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजनाको आधारपत्र
११ बेसीशहर नगरपालिकाको आवधिक योजना (२०७८।७९-२०८२।८३)
१२ प्राकृतिक श्रोत तथा वित्त आयोगका सिफारिसहरू
१३ नगरपालिकाको विगतका अनुभव, सिकाइ र हासिल भएका उपलब्धिहरू, आदि।

**२. बजेट सीमा**

आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि विषय क्षेत्रगत तथा उपक्षेत्रगत रूपमा देहाय बमोजिम बजेट सीमा निर्धारण गरिएको छः

*नोटः प्रस्तुत बजेट सीमा नगरस्तरीय आयोजना तथा कार्यक्रमहरुका लागि मात्र हो। विषयगत शाखाहरुले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा वडास्तरीय बजेट सीमा अनुसारका आयोजना तथा कार्यक्रमहरुलाई समेत सम्बन्धित विषय उपक्षेत्रको बजेट सीमामा समावेश गर्नु पर्नेछ।*

सुमन सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/०६ गतेको बैठक

वडास्तरीय आयोजना तथा कार्यक्रमका लागि देहायबमोजिमको बजेट सीमा निर्धारण गरिएको छ। वडा समितिहरुले सो बजेट सीमाभित्र रही कूल वार्षिक बजेटको रु.३ लाख रकम कार्यालय सञ्चालनतर्फ विनियोजन गरी बाँकी रकम आयोजना तथा कार्यक्रम हुनेगरी छनौट गर्नुपर्नेछ ।

क्रमागत र बहुवर्षीय रुपमा कार्यान्वयनमा रहेका आयोजनालाई बजेट सुनिश्चित (Earmark) गरी उक्त आयोजनालाई तोकिएको बजेट छुट्याइ बाँकी रहेको रकमबाट मात्र अन्य नयाँ आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ।

### ३. प्राथमिकता निर्धारणका आधारहरु

क. आयोजना तथा कार्यक्रम छनौटका लागि प्राथमिकता निर्धारणका आधार देहाय बमोजिम हुनेछः

| क. सं | प्राथमिकीकरणका आधार | योगदानका आधारमा प्राप्त हुने अङ्क | | |
|---|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष | तटस्थ |
| १ | आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने | १५ | १० | ५ |
| २ | उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने | १५ | १० | ५ |
| ३ | जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने | १५ | १० | ५ |
| ४ | स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने | १० | ५ | ० |
| ५ | स्थानीय श्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने | १० | ५ | ० |
| ६ | महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने | १० | ५ | ० |
| ७ | लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने | १० | ५ | ० |
| ८ | दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने | १० | ५ | ० |
| ९ | भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने | ५ | ३ | ० |

*नोटः प्रस्ताव भएकामध्ये आयोजना तथा कार्यक्रमहरुको प्रकृति हेरी तुलनात्मक रुपमा बढी जनसंख्या लाभान्वित हुने, कम लागतमा बढी प्रतिफल प्राप्त हुने, बढी रोजगारी सिर्जना हुने, विपन्न वर्गको जीविकोपार्जनमा सहयोग पुग्ने, कार्यान्वयनका लागि पूर्व तयारी अवस्था राम्रो भएकोलाई प्रत्यक्ष योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमको रुपमा अङ्क प्रदान गर्ने। सोही अनुसार कम योगदान पुऱ्याउनेलाई अप्रत्यक्ष र तुलनात्मक रुपमा योगदान नपुऱ्याउने वा योगदानमा कुनै अन्तर नदेखिएका आयोजना तथा कार्यक्रमलाई तटस्थ मानी अङ्क प्रदान गर्ने।*

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/०६ गतेको बैठक

**४. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन**

आगामी आर्थिक वर्ष २०८१।८२ का लागि उपलब्ध बजेट सीमा भित्र रही बेसीशहर नगरपालिकाको नगर बृहत् योजनाका समष्टिगत तथा विषय उपक्षेत्रगत अपेक्षित उपलब्धि हासिल गर्न योगदान पुऱ्याउने र आगामी वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई ध्यान दिइ प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रमको छनौट गरी **२०८१ जेठ २० गतेभित्र** नगरपालिकामा पेश गर्नु पर्नेछ।

**क. समष्टिगत मार्गदर्शन**

१) माथि उल्लिखित बजेट सीमा अनुमानमा आधारित भएको हुँदा प्रदेश तथा नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण रकमको आधारमा नगर सभामा बजेट तथा कार्यक्रम पेश हुँदासम्म थपघट हुन सक्नेछ।

२) "हामी सबैको रहर-सभ्य र समृद्द बेसीशहर" भन्ने दीर्घकालिन सोच अनुरुप सभ्यता र समृद्दिका सूचकहरु हासिल गर्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।

३) निजी तथा सहकारी क्षेत्रको लगानी, सरकारी तथा निजी क्षेत्रको सहकार्य तथा लगानी आकर्षित हुने र गैरसरकारी क्षेत्रको साझेदारी प्रबर्द्धन गर्ने कार्यक्रम तथा आयोजनालाई उच्च प्राथमिकता दिएर प्रस्ताव गर्नु पर्नेछ।

४) वातावरणीय प्रभाव अध्ययन र सम्भाव्यता अध्ययन, सर्वेक्षण, ड्रोइङ्ग तथा डिजाइन एव लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र सांस्कृतिक रूपमा सम्भाव्य देखिएका, आयोजना स्थल सम्बन्धी विवाद नभएको, जग्गा प्राप्त हुने सुनिश्चित भएको, कानूनी रुपमा कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रम छनौट गर्न प्राथमिकता दिनु पर्नेछ।

५) वडा तथा नगरस्तरीय आयोजना प्रस्ताव गर्दा अधुरा आयोजना तथा कार्यक्रमहरूलाई सम्पन्न गर्न पहिलो प्राथमिकता दिनुपर्नेछ। यदि अधुरा आयोजना कार्यान्वयन योग्य नभएमा सोको प्राविधिक अध्ययन गरी, गराई आयोजनाको सूचीबाट लगत कट्टा गर्न प्रस्ताव गर्नु पर्नेछ।

६) आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा संघ तथा प्रदेश सरकारसँग दोहोरो नपर्ने गरी एवं नगरबासीले अधिकतम लाभ लिन सक्ने आयोजना तथा कार्यक्रम छनौट गर्न प्राथमिकता दिनु पर्नेछ।

७) आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा राजस्व परिचालनमा योगदान गर्ने, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त हुने, नगरको खाद्य सुरक्षा, गरिबी न्यूनीकरण, लैङ्गिक तथा सामाजिक र क्षेत्रिय सन्तुलन हासिल हुनेगरी गर्नु पर्नेछ।

८) जनसहभागिता, लागत सहभागिता र सहलगानीका आयोजनालाई छनौट गर्न प्रोत्साहन गर्नु पर्नेछ।

९) वस्ती तहबाट नगरस्तरीय आयोजनाहरू माग नभएमा विषयगत समितिले नगरको समग्र विकास, नगर गौरवका आयोजनाहरू पहिचान गरी समावेश गर्नुपर्नेछ ।

१०) नगर तथा वडास्तरमा कुनै पनि रकम विविध, भैपरी आउने तथा अवण्डाको रुपमा पछि विनियोजन गर्नेगरी राख्न पाइनेछैन ।

११) सचेतना अभिबृद्धि, क्षमता विकास, सशक्तीकरण तथा सीपमूलक तालिम कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गर्दा नगरपालिकाबाट स्वीकृत मापदण्ड (Norms) अनुसार हुने गरी मात्र प्रस्ताव गर्नुपर्नेछ।

१२) विशेष अवस्थामा बाहेक वडाले बजेट उपलब्ध गराएको आयोजना/कार्यक्रममा नगरपालिकाले बजेट विनियोजन गर्नेछैन र नगरपालिकाले उपलब्ध गराएको आयोजना/कार्यक्रममा वडाले बजेट विनियोजन गर्नेछैन ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/०६ गतेको बैठक

१३) आर्थिक र सामाजिक रुपले पछाडि परेका समुदायको हीतको लागि लिइने सकारात्मक विभेदको नीति बाहेक नगरपालिका र वडाहरुले उपलब्ध गराउने सेवा र अनुदानको नीतिमा एकरुपता कायम गर्नुपर्नेछ ।

**ख. आर्थिक विकास क्षेत्र**

१४) कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्व बृद्धि, व्यावसायीकरण, विविधीकरण र औद्योगीकरण, बजारीकरण प्रवर्द्धन, रोजगारी सिर्जना र आयात प्रतिस्थापन गर्न सहयोग पुऱ्याउने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ।

१५) सहज तथा सुलभ रुपमा कृषि तथा पशु प्राविधिक सेवा प्रवाह हुन सक्ने र कृषकको लगानी तथा उत्पादनको न्यून जोखिम रहेको कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ।

१६) कृषि र पशुपालनका क्षेत्रमा प्रदान गरिने अनुदान (प्रतिफल प्राप्त गर्न २ वर्षभन्दा बढी समय लाग्ने आयोजना वा कार्यक्रम बाहेक) लाई उत्पादनमा आधारित हुनेगरी प्रस्ताव गर्नु पर्नेछ।

१७) स्थानीय पर्यटन पूर्वाधार विकास तथा पर्यटन प्रबर्द्धन र पर्यटनलाई स्थानीय उत्पादनको बजारीकरण, रोजगारी सिर्जना एवं जीविकोपार्जनसँग आवद्ध हुने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिने।

१८) स्थानीयस्तरमा छरिएर रहेका पूँजीलाई सहकारी अवधारणाको मर्म अनुरुप परिचालन गर्न स्थानीय आर्थिक विकास सम्बन्धी कार्यहरुलाई प्राथमिकता दिनु पर्नेछ।

**ग. सामाजिक विकास क्षेत्र**

१९) आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी नगरस्तरीय कार्यक्रमलाई गुणस्तर अभिबृद्धिका लागि पूर्वाधार सुधार, सिकाइ उपलब्धि सुधार, लक्षित वर्गलाई प्रोत्साहन, नगरको आवश्यकता अनुरुपको जनशक्ति विकास जस्ता कार्यमा वडास्तरीय कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रस्ताव गर्नु पर्नेछ।

२०) स्वास्थ्यतर्फका नगरस्तरीय कार्यक्रमलाई आधारभूत स्वास्थ्य तथा पोषण सेवा सहज तथा सुलभ रुपमा उपलब्ध गराउन आवश्यक पर्ने पूर्वाधार विकास, सञ्चालन, जनशक्ति विकास र परिचालन, आपूर्ति व्यवस्थापन लगायतलाई जोड दिने गरी प्रस्ताव गर्नु पर्नेछ।

२१) सरसफाईतर्फ तोकिएको मापदण्डलाई निरन्तर कायम गर्न आवश्यक पर्ने आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नु पर्नेछ।

२२) आधारभूत खानेपानीको पहुँच सुनिश्चित गर्दै सुरक्षित खानेपानी वितरणका लागि आधार तयार गर्ने सम्बन्धी आयोजना छनौट गर्न जोड दिनु पर्नेछ।

२३) खेलकूदतर्फ नगरस्तरीय प्रतियोगिता तथा पूर्वाधार विकास सम्बन्धी कार्य नगरस्तरीय आयोजना तथा कार्यक्रमका रुपमा मात्र र खेलकूद गतिविधि सञ्चालन सम्बन्धी कार्यक्रम वडास्तरीय आयोजनाको रुपमा प्रस्ताव गर्नु पर्नेछ।

२४) बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु पर्नेछ।

२५) सामाजिक एवं आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मकरुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग वा समुदायको उत्थान एवं मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने कार्यक्रम र आयोजनालाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ।

**घ. भौतिक पूर्वाधार विकास क्षेत्र**

२६) भौतिक पूर्वाधार सम्बन्धी वडास्तरीय नयाँ आयोजनाका लागि कम्तीमा रु.१ लाख र नगरस्तरीय नयाँ आयोजना रु. ३ लाखभन्दा कम हुने गरी छनौट गर्न पाइने छैन। तर प्राथमिकताको आधारमा न्यून

गुमान सिंह अर्याल
नगर प्रमुख

बजेटमा सम्पन्न हुन सक्ने अति आवश्यकीय आयोजनाहरुलाई फुटकर शिर्षकबाट तोकिएको भन्दा कम बजेट विनियोजन गर्न सकिनेछ ।

२७) वडास्तरीय पूर्वाधार विकास आयोजना छनौट गर्दा १० लाखभन्दा बढीको कम्तिमा १ वटा र ५/५ लाखका कम्तिमा २ वटा आयोजना अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ ।यी आयोजनाहरु पछि टुक्र्याउन पाइनेछैन ।

२८) ६०/४० नगदै लागत सहभागिता अन्तरगत सञ्चालन हुने आयोजना मागको सूची बनाइ पेश गर्नुपर्नेछ ।

२९) सबै किसिमका पूर्वाधार आयोजना प्रस्ताव गर्दा विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनको पक्षलाई समेत ध्यान दिनु पर्नेछ।

**निर्णय नं ७: बस्ती र वडास्तरीय योजना छनौट सम्बन्धी भेला/बैठकको सम्बन्धमा ।**

बिषयगत समितिको बैठक अगावै सबै वडाहरुले बस्तीस्तर र वडास्तरको सहभागितात्मक योजना तर्जुमा सम्बन्धी भेला/बैठक सम्पन्न गरी वडास्तरीय आयोजना तथा कार्यक्रमहरु छनौट र प्राथमिकीकरण गरी तोकिएको ढाँचामा यही मिति २०८१/०२/२० गते भित्र नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ८: योजना तथा कार्यक्रम संशोधन/ब्रेक डाउन/एकिकरण सम्बन्धमा ।**

चालु आ.व. २०८०/०८१ का देहायका आयोजना तथा कार्यक्रमलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन/एकिकरण गर्ने निर्णय गरियो ।

देहाय

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकर तथा विविध कार्यक्रम, बेनपा-३ | १० लाख | १.कलर प्रिन्टर खरिद, बेनपा-३ | ३० हजार |
| २.सीपमूलक तालिम, बेनपा-९ (मिति २०८०/११/३० कार्यपालिका बैठकको नि.नं ९ (१०.१) को लोक सेवा तयारी कक्षा सञ्चालन कार्यक्रम | ३ लाख | २.१ लमजुङ जिल्ला फुटबल संघ सहयोग, बेनपा-९ | ३० हजार |
| | | २.२ दिपक परियार आर्थिक सहयोग, बेनपा ९ | १० हजार |
| | | २.३ चन्द्रज्योती आधारभूत विद्यालय, बेनपा-९ | २५ हजार |
| | | २.४ पस बहादुर गुरुङ एम्बुलेन्स खर्च, बेनपा-९ | १० हजार |
| | | २.५ कार्यालय सञ्चालन अपुग,बेनपा-९ | २५ हजार |
| ३.विद्यालय डिजिटल शिक्षण सिकाई प्रणाली व्यवस्थापन, पूर्वाधार सुधार तथा शिक्षक क्षमता अभिबृद्दि कार्यक्रम, बेनपा-२ | ६ लाख | ३.१बालकल्याण मावि, कालिका मावि र बाल विद्याश्रम प्राविको लागि ल्यापटप र प्रोजेक्टर सहयोग, बेनपा-२ | ३ लाख ३५ हजार |
| | | ३.२ बालकल्याण मावि, कालिका मावि र बाल विद्याश्रम प्राविको विद्यालय सुधार योजना तयारी, बेनपा-२ | ४० हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/०६ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| ४.वडा महिला र बालक्लव सञ्चाल परिचालन, महिला व्यवसायकता र उद्यमशिलता प्रवर्द्धन ..... बेनपा-२ | २ लाख ७० हजार | ४. बालकल्याण माविको कक्षा कोठामा सिलिङ, पंखा र वायरिङ सहयोग, बेनपा-२ | २० हजार |
| ५.कृषि पशु प्रवर्द्धन तथा आत्मनिर्भर अभियान, बेनपा-२ | ४ लाख | ५.कृषकहरुको लागि न्यूनतम १ कागती, १ एभोकार्डो, १ अम्बा, १ सुन्तला, १ टिमुर र ५ अम्रिसो सहयोग, बेनपा-२ | ३ लाख ५० हजार |
| ६.कृषि औजार/भेटेरीनरी सामाग्री/सीपमूलक तालिम, बेनपा-१ | ३ लाख | ६.अनुदानमा धानको वीऊ वितरण, बेनपा-१<br>(२०८१/१/१२ को कापा बैठकको निर्णय संशोधन गरिएको) | ३ लाख |
| ७.फुटकर योजना तथा कार्यक्रम, बेनपा-४ | ५ लाख १४ हजार | ७.१.आर्यघाटलाई तारजालीले घेराबार र मलामी प्रतिक्षालय ट्रष्टलाई रंगरोगन गर्ने, बेनपा-४<br>७.२ नयाँ भर्ना भएका विद्यार्थीहरुलाई स्कुल ड्रेस खरिदमा अपुग थप, बेनपा-४ | ८० हजार<br>६ हजार ३ सय |
| ८.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७ | ३ लाख २९ हजार | ८.१चोक/मुख्य बजारमा सूचनामूलक बोर्ड व्यवस्थापन, बेनपा-७<br>८.२ माया मिडिया हाउस(नयाँ दीप)<br>८.३ रेडीयो मर्स्याङ्दी<br>८.४ सहकर्मी मिडया प्रा.लि. | ७३ हजार ४ सय<br>३ हजार<br>५ हजार<br>५ हजार |
| ९.विविध खेलकुँद कार्यक्रम सञ्चालन तथा सामाग्री व्यवस्थापन, बेनपा-७ | १ लाख | ९.योजना छनौट बस्ती भेला बाल सञ्जाल पुनर्गठन कार्यक्रम सञ्चालन व्यववस्थापन खर्च, बेनपा-७ | २० हजार ४ सय |
| १०. महिला प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रम, बेनपा-७ | २ लाख | १०. घुर्लाधारो प्रतिक्षालय निर्माण, बेनपा-७ | २ लाख |

**निर्णय नं. ९ः क्रसर स्थापना र सञ्चालन सम्बन्धमा ।**

पूर्वाधार विकास कार्यालय लमजुङको च.नं ५३८ मिति २०८१/०२/०३ को प्राप्त पत्रानुसार सो कार्यालय र जल समुन्द्र-ओएसिस-कन्लिटी जे.भी. विच सम्झौता भएको बेसीशहर-बाग्लुङपानी सडकको स्तरोन्नति आयोजनाको निर्माण कार्यमा आवश्यक पर्ने नदिजन्य र खानीजन्य पदार्थ (Base,Subbase Material, ढुंगा तथा बालुवा) का लागि बेसीशहर नगरपालिका वडा नं ९ कुनाबारीको उपयुक्त स्थानमा क्रसर सञ्चालनका लागि आवश्यक सहजीकरण गरिदिनु हुन भनी लेखी आएको सम्बन्धमा यस बैठकमा

गुमान सिह अर्याल
नगर प्रमुख

छलफल हुँदा उक्त आयोजना प्राथमिकता प्राप्त आयोजना भएको र यस्ता प्रकृतिका आयोजनामा आउन सक्ने बाधा अड्चनलाई हटाउँदै सफल बनाउने दायित्व स्थानीय सरकारको समेत भएको हुँदा नेपाल सरकारले जारी गरेको ढुंगा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा १२ (२) वमोजिम सम्बन्धित आयोजना कार्यालयबाट क्रसरको लागि आवश्यक श्रोत कहाँबाट प्राप्त गर्ने हो सो एकिन गरी, आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिश, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, लाग्ने राजश्व तिर्ने प्रतिवद्धता, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन लगायतका आवश्यक कागजात पेश भए पश्चात विचमा कुनै जटिल समस्या आएमा तुरुन्त बन्द समेत गर्न सक्ने गरी, आयोजनाको निर्माण कार्यको सम्झौता अवधीभर मात्र सञ्चालन हुने र उत्पादित मालबस्तु सम्बन्धित आयोजनामा मात्र प्रयोग गर्ने गरी गरी अस्थायी रुपमा क्रसर प्लान्ट स्थापना र सञ्चालन गर्न जल समुन्द्र-ओएसिस-कव्लिटी जे.भी. लाई सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १०: रकम फिर्ता सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाबाट मिति २०८०।११।१० मा बेसीशहर नगरपालिका वडा नं. ११ स्थित धौखोलामा विगतको बाढीले थुपरेको ढुंगा संकलन गरी विक्रीको लागि सोही स्थान निवासी श्री ऋषिबाबु तिवारीलाई अनुमति प्रदान गरिएकोमा २०८०।११।१३ मा स्थानीय ब्यक्तिहरुले उक्त ढुंगा संकलन गरी लगेमा बाढी पहिरोको क्षति हुनसक्ने भएकोले उक्त कार्य रोक्नको लागि निवेदन पेश गरेकाले सोही मितिदेखि उक्त ढुंगा संकलनको कार्य रोकिएकोले निजले यस कार्यालयमा जम्मा गरेको रकम रु. २ लाख ८१ हजार ७३० फिर्ता माग भएबमोजिम निजले २ दिनसम्म २८ ट्रिप ढुंगा ढुवानी भइसकेको बुझिन आएकोले बाँकी ढुंगाको हुन आउने राजश्व रकम रु. २ लाख ५९ हजार ५७३ (भ्याट वाहेक) राजश्व परामर्श समितिको निर्णय समेतका आधारमा फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ : बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ४ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गर्न सक्ने अवस्थामा पुर्याउने गरी बालमैत्री स्थानीय शासनका सूचक केन्द्रित कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गरिदै आएकोमा यसका चरणहरु, सूचकहरु प्राप्तिको अवस्था एवम् सूचकहरु पुरा भए/नभएको अनुगमन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख